# ७. आत्मिक युद्ध

## क. मुख्य पदहरु

एफिसी ६:१०-१८
२कोरिन्थी ४:४
१पत्रुस ५:८-९
याकूब ४:७
प्रकाश १२:१०-११
लूका ११:१४-२६
एफिसी १:१७-२३
कलस्सी २:१५

## ख. परिचय

जब हामी नयाँ जन्म पाउंछौं त्यसबेला अन्धकारको राज्यबाट परमेश्वर या ज्योतिको राज्यमा हामी सरेका हुन्छौं. एक समयमा हामी शैतानको सेवा गर्दैथियौं (यूहन्ना ८:४२-४७) तर अब परमेश्वरले हामीलाई शैतानको अधिकारबाट छुटाउनु भएकोले हामीले उहाँको सेवा गर्नुपर्छ (कलस्सी १:१२-१४). अबदेखि उसो हामीले शैतानको सेवा नगरेकोले ऊ हामीसित खुशी छैन. वास्तवमा हामीलाई असफल तुल्याएर आफ्नै अधिकारभित्र फर्काउन उसले हरसम्भव प्रयास गर्नेछ. हाम्रो आत्मिक युद्धको यो एक हिस्सा हो. परमेश्वरको सामर्थ्यमा हामीले यहाँ शैतानको चालको सामना गर्दै हाम्रो निम्ति येशूले जित्नु भएको लडाईंमा खडा हुनु परेको छ.

आत्मिक लडाईंको अर्को पक्ष हो हामी येशूका चेलाहरुलाई सारा देशका मानिसहरुलाई चेला बनाउन परमेश्वरबाट हामीलाई अधिकार प्राप्त भएको छ. संसारका मानिसहरु शैतानको अधिकारमा छन् (२कोरिन्थी ४:४). त्यसकारण तिनीहरुले सत्य देख्न सक्दैनन्. परमेश्वरमा तिनीहरुलाई चेला बनाउनको लागि उद्धारको निम्ति मानिसहरुकहाँ हामीले परमेश्वरको सामर्थ्य ल्याउनुपर्छ. अनि मानिसहरुलाई अन्धकारको राज्यबाट छुटाएर परमेश्वरको राज्यमा ल्याउन हामीले उहाँसित बिन्ती गर्नुपर्छ. हामीले फेरिपनि शैतानलाई हराउनु आवश्यक पर्दैन. येशूले सम्पूर्ण विजय पाइसक्नु भएको छ (कलस्सी २:१५) र यो विजयलाई कार्यरुपमा परिणत गर्न हामीले केवल यस अनुसार जिउनुपर्छ. मानिसहरुलाई विजयको त्यस ठाउँमा ल्याउन परमेश्वरले हामीलाई प्रयोग गर्नमा यसबाट (हाम्रो असल जीवन जिउनुको कारण) परमेश्वरलाई सघाऊ पुग्न सक्छ.

ग. हामीलाई कुनचाहिं राज्यमा ल्याइएको छ ?

यो परमेश्वरको (वा स्वर्गको) राज्य जुन जीवनका सबै पक्षमा उहाँको राज्य वा अधिकार हुनु हो. येशूले राज्यको प्रचार गर्नुभयो र यसलाई सुसमाचारको संज्ञा दिनुभयो (मर्कूस १:१५; मत्ती ४:२३) र चेलाहरुले पनि त्यसै गरे (प्रेरित ८:१२). परमेश्वरको राज्य बचाउन, परिवर्तन गर्न, निको पार्न र दुष्टात्मादेखि छुटकारा दिन हामीकहाँ आएको छ (मत्ती ४:२३; मत्ती ९:३५; मत्ती १२:२८; मर्कूस १६:१५-१८). यो शक्ति पवित्र आत्मा हुनुहुन्छ र उहाँले राज्यमा भएको धार्मिकता, शान्ति र परमेश्वरको आनन्द हामीकहाँ ल्याउनुहुन्छ (रोमी ४:१७; १कोरिन्थी ४:२०).

घ. अन्धकारको राज्य के हो ?

शैतानको विद्रोह अनि उसका दूतहरुले परमेश्वरको विरोधमा राज्य खडा गरेर उसले सबै मानवजातिलाई त्यहाँ तान्ने प्रयास गर्दछ. संसारमा पाप हालिदिएर यस कुरामा उसलाई केही मात्रामा सफलता पनि प्राप्त भएको छ. क्रिश्चियनहरुको युद्ध अन्धकारका सैन्यहरुसित हो (एफिसी ६:१२) र हाम्रो मुख्य शत्रु शैतान हो.

ङ. शैतान भनेको को हो ?

शैतानको अस्तित्व वास्तविक रुपमा छ (लूका ४:१-१३). यो केवल हाम्रो कल्पना मात्र होइन. एउटा सुन्दर स्वर्गदूतका रुपमा उसको शुरुवात भएको थियो र उसको नाम लुसिफर थियो. उसको घमण्डका कारण उसलाई स्वर्गबाट निकालिएको थियो (यशैया १४:११-१५; इजकिएल २८:१२-१७). शैतानलाई बाइबलमा अनेक किसिमले वर्णन गरिएको छ जसमध्ये तलका नामहरुबाट पनि उसलाई चिन्न सकिन्छ.

* हाम्रो शत्रु, शैतान (१पत्रस ५:८)
* परीक्षा गर्ने (१ थेस्स ३:५)
* झूटको पिता (यूहन्ना ८:४४)
* आकाशको शक्तिको मालिक (एफिसी २:२)
* दुष्ट (१यूहन्ना २:१४)
* दोष्याउने (प्रकाश १२:१०)
* हत्यारा (यूहन्ना ८:४४)

* सांप (उत्पत्ति ३:१)
* ज्योतिर्मय दूत (२कोरिन्थी ११:१४)

संसारको वर्तमान सबै व्यवस्थाहरु उसको मुट्ठीमा छ (१यूहन्ना ५:१९). पाप, बिमारी र मृत्युको सम्पूर्ण स्रोत ऊ नै हो. उसँग दुष्टात्माहरुको राज्य छ (मत्ती १२:२४-२८) र त्यहाँ दुष्टात्माहरु (लूका ११:२४-२६), पतित स्वर्गदूतहरु (मत्ती २५:४१), बाठा, चतुर र पतित दूतहरु छन् र तिनीहरु पृथ्वी तथा स्वर्गीय अलौकिक स्थानहरुमा (दुष्टात्मा र शैतानको बासस्थान) बस्दछन् (एफिसी ६:११-१२). याद राख्नुहोस्, ऊ परमेश्वरको बराबरीको होइन र उहाँको सामुन्ने प्रभावशाली पनि छैन. ऊ सर्वज्ञानी र सर्वशक्तिशाली छैन.

## च. संसारमा कसले राज्य गर्छ ?

आदम र हव्वा शैतानको जालमा परेदेखि नै यो संसारको व्यवस्थापन शैतानको हातमा सरेको छ. हुन त यहाँ मानिसले नै राज्य गर्नुपर्ने चाहना परमेश्वरको थियो (यूहन्ना ५:१९). परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो र संसारमाथि अधिकार गर्दै यसमा राज्य गर्ने अधिकार दिनुभयो (उत्पत्ति १:२६-२८; भजन ८:३-८). परमेश्वरले तयार पार्नुभएको राज्य व्यवस्था यस्तो थियो -

**परमेश्वर (पिता, पुत्र र पवित्र आत्मा)**

**विश्वासीहरु**

**स्वर्गदूत, शैतान र पतित दूतहरु**

**अविश्वासीहरु**

**जनावर (अन्य प्राणी) हरु**

विश्वासीका रुपमा अहिले हामी ख्रीष्टसँगै ब्युँताइएर उहाँसँगै बसेका छौं (एफिसी २:६) र परमेश्वरले सबै कुरालाई ख्रीष्टको पाउमुनि राख्नुभएको छ (एफिसी १:२०-२२). त्यसकारण विश्वासीको नातामा जनावर र रुख

पातमाथि मात्र नभएर शत्रुका पनि सबै कामहरुमाथि येशूको नाउंमा हाम्रो अधिकार छ.

जब शैतानमाथि विजयी भएर येशू पिताकहाँ फर्कनुभयो विश्वास गर्ने सबैलाई पवित्र आत्मा दिन उहाँले पितासँग विन्ती गर्नुभयो. यसको मतलब अब हामीसित येशूसँग भएजस्तै शक्ति हुनेछ र उहाँको नाउँमा हामीसँग त्यस्तै अधिकार पनि हुनेछ. हामी विश्वासीहरुसित शैतानले विद्रोह गर्ने प्रयास गर्नेछ तर हामी त ख्रीष्टमा विजयी भन्दा पनि महान छौं (रोमी ८:३७). हामी विजयी झुण्डपट्टि भएको हुनाले शैतानबाट अब हामी पराजित हुनपर्दैन.

## छ. शत्रुले हामीमाथि कसरी आक्रमण गर्छ ?

शैतानको दुष्ट चालहरुदेखि हामी अनभिज्ञ हुनु हुदैन (२कोरिन्थी २:११). क्रिश्चियनहरुलाई नष्ट गर्न उसले निरन्तर प्रयत्न गरिरहेको कुराप्रति हामी सचेत हुनुपर्छ (१पत्रस ५:८). आफ्ना चालहरुमा ऊ चलाक अनि धूर्त छ (एफिसी ६:११; उत्पत्ति ३:१-६). हामीलाई तल खसाल्नको निम्ति कुनैपनि समयमा कुनैपनि चाल ऊ चल्न सक्छ. ऊ सज्जन व्यक्ति होइन. वास्तवमा हामी थाकेर, निराश हुदै आफ्नो होस हराएको मौका पारेर ऊ हामीमाथि आक्रमण गर्छ (मत्ती ४:२-३). मुख्य युद्धभूमि हाम्रो मन हो. उसले दोष्याउंछ (जकरिया ३:१); उसले धोका दिन्छ (२कोरिन्थी ११:१४); परीक्षा गर्छ (१ थेस्स ३:५); झुटो बोल्छ (यूहन्न ८:४४). उसले दुष्ट विचारहरु उत्पन्न गराउन खोज्छ, भ्रम, शंका, भय, अविश्वास, अल्छिपन, आत्मसन्तोष, निराशा, हतोत्साह आदि. अनि शारीरिक इच्छाहरु पूर्ति गर्न उसले हामीलाई उचाल्छ (गलाती ५:१७). मानिसहरुलाई झूटा कुरा (शिक्षा) हरु तथा लागु पदार्थ सेबन, मुर्तिपूजा, झाक्रि र यस्तै अन्य गुप्त विद्याहरुमा फंसाएर ती द्वारा ऊ (शैतान) मानिसहरुको जीवनमा प्रवेश गर्छ. मानिसहरुलाई दु:ख दिन ऊ, आफ्ना पतित दूतहरु जुन दुष्टात्माहरु हुन तिनीहरुलाईपनि उपयोग गर्छ (लूका १३:१०-१६).

## ज. येशू शैतानमाथि विजयी हुनुभएको

- उसलाई परमेश्वरको वचनले निरुत्साहित पारेर (मत्ती ४:४).
- बिमारीबाट सताइएकाहरुलाई छुटकारा दिएर (प्रेरित १०:३८).
- परमेश्वरको राज्य र पवित्र आत्माको उच्चदर्जाको शक्ति प्रदर्शन गरेर (मत्ती १२:२८).

- शैतान र उसका सैन्यका शक्तिहरुलाई क्रूसमा हराएर (कलस्सी २:१५; हिब्रू २:१४).
  शैतानको भाग्य सदाका निम्ति तोकिदिएर (मत्ती २५:४१).
  येशूले आफ्नो विजय आफ्ना जनहरुसित पनि बांडनुभएको छ र यसरी हाम्रो आफ्नै जीवनमा शैतानलाई जित्नको निम्ति उहाँले हामीलाई अधिकार सम्पन्न गर्नुभएको छ. शैतानका कामहरुलाई नष्ट गर्नका लागि नै परमेश्वरको पुत्र प्रकट हुनुभएको हो (१यूहन्ना ३:८).

८. शैतानमाथि हामी कसरी विजयी हुने ?

१. **युद्धको निम्ति हाम्रो व्युहरचना**
   - उसका क्रियाकलापलाई चिनेर (२कोरिन्थी २:११).
   - उस्लाई हाम्रो जीवनमा कुनै मौका नदिएर (एफिसी ४:२७).
   - उसका आक्रमणहरुको सामना गरेर (याकूब ४:७; १ पत्रस ५:८-९).
   - परमेश्वर कुन क्षेत्रमा काम गर्दै हुनुहुन्छ सो चिन्दै त्यस्ता अवस्थामा आफूले पनि परमेश्वरले गर्नुभएजस्तै गरेर.

   उहाँको नाउंमा चेलाहरुले भूतहरु धपाउनेछन् भनेर येशूले भन्नुभएको छ (मर्कूस १६:१६-१७) र यसो गर्नु उहाँको निम्ति गर्नुपर्ने कामकै एक हिस्सा हो.

२. **सुरक्षाको निम्ति हाम्रा हतियारहरु**
   जबसम्म हामी आफ्ना सबै पापहरु स्वीकार गर्दै परमेश्वरबाट क्षमा प्राप्त गर्दैरहन्छौं येशूको रगतले हामी शुद्धयाइन्छौं (१यूहन्ना १:७-९). यदि हामी परमेश्वरको यो व्यवस्थाको पक्षमा रहेर जियौं भने शैतानले हाम्रो जीवनमा सानो ठाउँ पनि पाउनेछैन (एफिसी ४:२७). परमेश्वरमा हामी कुन स्थानमा छौं भन्ने कुरा हामीले जान्नुपर्छ. येशूको रगतले हामीलाई शैतानमाथि विजय भएर जिउन मदत गर्छ (प्रकाश १२:११; कलस्सी ६:१०-१८). यो हतियार धारण गर्नु प्रभु येशूलाई धारण गरे सरह हो (रोमी १३:१४). त्यसरी हामी येशूमा रहन्छौं र उहाँको समीपमा हुन्छौं. हामीले भोगेका सबै कुराहरु येशू जान्नुहुन्छ किनभने उहाँ परमेश्वर हुनुभए तापनि हामी जस्तै उहाँले सबै कष्टहरु भोग्नुभएको छ. तर पनि उहाँले कुनै पाप गर्नुभएन (हिब्रू ४:१५). शैतान उहाँकहाँ आएर परीक्षा गर्दा पनि उहाँ गिर्नुभएन तर त्यसमाथि विजयी हुनुभयो. परमेश्वरको अधिकारमा उहाँले यसो गर्नु भएको नभएर मानिसको रुपमा पवित्र आत्माको सामर्थ्यले पूर्ण भएर हो. हामी येशूका चेलाहरुलाईपनि त्यही शक्ति उपलब्ध छ (फिलिप्पी

४:१३; प्रेरित १०:३८). परमेश्वरको हतियारको सूची लामो छ. यी कुराहरुलाई हामीले आफ्नो मनमा राख्दै ख्रीष्टमा जसरी जिउनुपर्ने हो त्यसरी जिउने हामीले निश्चय गर्नुपर्छ. हामीलाई प्राप्त भएको विजयमा शैतान आएर सजिलै प्वाल पार्न नसकोस.

- के हामी सत्यको पेटी बाँधेर जिएका छौं ? के हामी सत्यता र परमेश्वरको सच्चाईमा जिएका छौं ? (येशू नै सत्य हुनुहुन्छ, हामीभित्र वास गरेर सत्यतापूर्ण जीवन जिउन उहाँले हामीलाई प्रेरणा दिनुहुन्छ - यूहन्ना १४:६).
- के हामीले धार्मिकताको छाती-पाता लगाएका छौं ? परमेश्वरको अगाडि जसरी जिउनुपर्छ त्यसरी धार्मिकतामा हामी जिएका छौं ? (येशू हाम्रो धार्मिकता हुनुभएकोले यस प्रकारको जीवन जिउन यो तथ्यले हामीलाई प्रेरणा दिएको हुनुपर्छ. - २कोरिन्थी ५:२१).
- के हाम्रा गोडा मिलापको सुसमाचारको जुत्ता लगाएर तयार भएका छन् ? के हामी येशूको "सारा देशहरुमा गएर चेला बनाऊ" भन्ने महान आज्ञालाई पूरा गरिरहेका छौं ? (येशू शान्तिको राजकुमार हुनुहुन्छ. हामी उहाँकै सुसमाचार प्रचार गरिरहेका छौं. - यशैया ९:६).
- के हामी विश्वासको ढाल उठाइरहेका छौं ? के हामी विश्वासको जीवन जिइरहेका छौं? के हामी आफ्नो शारीरिक लालसा तथा शैतानमाथि विजयको निम्ति परमेश्वरमा भरोसा राखेका छौं ? (हाम्रो विश्वास शुरु गर्नुहुने र पूरा गर्नुहुने येशू हुनुहुन्छ (हिब्रू १२:२).
- के हामीले मुक्तिको टोप पहिरिएका छौं ? के हामी फेरि जन्मेका हौं र परमेश्वरका सन्तान हौं भनेर हामीलाई थाहा छ ? येशू हाम्रो मुक्तिको कप्तान र लेखक हुनुहुन्छ (हिब्रू २:१०).
- के हामीले पवित्र आत्माको तरवार भिरेका छौं ? के हामी परमेश्वरको वचन जान्दछौं र ख्रीष्टमा हामी के हौं भनेर वचनमा लेखिए अनुसारका छौं ? (येशू जीवित वचन हुनुहुन्छ र उहाँले आफ्नो वचन हाम्रो मुखमा सक्रिय हतियार हुनको निम्ति राखिदिनुभएको छ) (हिब्रू ४:१२; यूहन्ना १:१४).
- के हामी सबै अवस्थाहरुमा आत्मामा प्रार्थना गर्दछौं ? के हामी पवित्र आत्माको प्रेरणा र अगुवाईको निम्ति तयार छौं र प्रभावकारी तरीकाले प्रार्थना गर्न जान्दछौं ? हाम्रो स्वर्गीय पिताकहाँ पुग्न र येशूको नाउंमा

आफ्नो कुराहरु राख्न हामीलाई उहाँले सहायता गर्नुहुन्छ (हिब्रू ४:१६; यूहन्ना १४:१३).

याद राख्नुहोस् हामी सचेत र स्व:नियन्त्रणमा हुनुपर्छ (१पत्रस ५:८). परमेश्वरमा समर्पित जीवन हामीले जिउनुपर्छ (याकूब ४:७) अनि शैतानलाई हाम्रो जीवनमा अलिकति पनि ठाउँ दिनुहुँदैन (एफिसी ४:२७).

**३. आक्रमणका निम्ति हाम्रा हतियारहरु**

कसैको जीवनमा जब शैतानले अधिकार गर्छ र हामी येशूका चेलाहरुका विरुद्ध ऊ खडा हुन्छ त्यतिबेला हाम्रो आफ्नै सुरक्षा गर्न मात्र नभएर शैतानका विरुद्धमा आक्रमण गर्न समेत परमेश्वरमा हाम्रो अधिकार छ.

- येशूको नाम (प्रेरित १६:१८; फिलिप्पी २:९-१०).
- परमेश्वरको बचन (१यूहन्ना २:१४; एफिसी ६:१७).
- आत्माको शक्ति (प्रेरित १०:३८).

**४. विजयको आश्वासन**

*"परमेश्वरलाई धन्यवाद होस, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ."* (१कोरिन्थी १५:५७)

- सबै थोकहरु येशू ख्रीष्टको पाउमुनि राखिएको छ किनभने उहाँ परमेश्वरको निम्ति सबै कुराहरुमाथि राज्य गर्नुहुन्छ (एफिसी १:२१-२३). उहाँले हामी विश्वासीहरुलाई आफ्नो अधिकार दिनुभएको छ (मत्ती १०:१; रोमी १६:२०; लूका १०:१९; मत्ती २८:१८-२०).
- परमेश्वरबाट जन्मिएकाहरुलाई सुरक्षित राखिएको छ (१यूहन्ना ५:१८; रोमी ८:३७-३९).
- हामीमा जो हुनुहुन्छ (येशू ख्रीष्ट) संसारमा हुने (शैतान) भन्दा महान हुनुहुन्छ (१यूहन्ना ४:४).
- येशूको रगत र उहाँका बारेमा हाम्रो साक्षीमा (शैतानमाथि) जित्नसक्ने सामर्थ्य छ (प्रकाश १२:११).
- परमेश्वरमा समर्पित जीवनद्वारा जब हामी शैतानको सामना गर्छौं ऊ हामीबाट भाग्नेछ (याकूब ४:७).

येशूले प्रतिज्ञा गर्नुभएको छ -

*"साँच्चै, म तिमीहरुलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका कामहरु पनि गर्नेछ, र ती भन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु."* (यूहन्ना १४:१२)

## ञ. विजयी क्रिश्चियन जीवन कसरी जिउने ?

१. येशूमा भएको हाम्रो स्थान र अधिकारलाई बुझेर र त्यसै अनुसारको सम्पूर्ण जीवन जिएर. हामी शैतानको अधिकारदेखि छुटाइएका छौं. येशूको सम्पूर्ण विजयमाथि हामी उभिएका छौं (येशूको विजयमा सहभागी भएका छौं) (प्रकाश १२:११).

२. शिरमा लालसा नराखेर पवित्र आत्माद्वारा निरन्तर भरिइरहनुहोस र आत्मामा हिंडिराख्नुहोस् (एफिसी ५:१८; रोमी ८:५; १यूहन्ना २:१५-१७).

३. तन्त्रमन्त्र तथा गुप्त क्रियाकलापदेखि अलग रहनुहोस. यदि त्यस्ता कुराहरुमा तपाईं मुछिनुभएको छ भने तिनीहरुलाई त्यागेर परमेश्वरको सन्मानमा आंच आउने प्रत्येक त्यस्ता कुराहरुबाट क्षमा माग्नुस.

४. पापमय स्वभावलाई क्रूसमा टांग्नुस (गलाती २:२०; कलस्सी २:११).

५. प्रशंसाको पोशाक लगाउनुस (यशैया ६१:३).

६. अरु क्रिश्चियनहरुसित नियमित तबरले संगति गर्नुहोस् (हिब्रू १०:२५; १यूहन्ना १:७).

७. तपाईंलाई गुप्त वा पापमय क्रियाकलापमा डोऱ्याउन खोज्ने त्यस्ता प्रत्येक सम्पर्कहरुबाट आफूलाई टाढै राख्नुहोस् (२ थेस्स ३:६; १कोरिन्थी ५:९; एफिसी ५:११).

८. सक्रियतापूर्वक शैतानको सामना गर्नुहोस् र उसले तपाईंलाई गराउन चाहेका कामहरुको तिरस्कार गर्दै आफूमा उसको प्रभाव पर्न नदिनुस ( याकूब ४:७; कलस्सी ३:८).

९. परमेश्वरको सम्पूर्ण हात हतियारहरु धारण गर्नुहोस् (एफिसी ६:१०-१८).

## ट. प्रश्नहरु र छलफलका बुंदाहरु

१. संसारका मानिसहरुले सत्य किन देख्दैनन् (२कोरिन्थी ४:४).

२. धर्मशास्त्रमा "संसार" शब्दको ३ ओटा अर्थहरु भेटिन्छ, तिनीहरु के के हुन ? (भजन २४:१; १यूहन्ना ३:१६; १यूहन्ना ५:१९).

३. यदि ख्रीष्टले सम्पूर्ण विजय प्राप्त गर्नुभएको छ भने धेरै क्रिश्चियनहरु किन हारपूर्ण जीवन जिइरहेका छन् त ?

४. यदि हामीले परमेश्वरको लागि केही नगरेमा शैतानले हाम्रो वास्ता नगर्ला कि ?

५. के तपाईंको तन्त्र-मन्त्र तथा गुप्त विद्याहरुमा संलग्नता छ ? यदि छ भने त्यस्ता संलग्नताको निम्ति परमेश्वरसँग क्षमा माग्नुस र फेरि त्यतापट्टि कहिल्यै नलाग्ने गरी त्यस्ता कुरालाई सम्पूर्ण रुपमा त्याग्नुस.
६. तपाईंले आफ्नो जीवनको कुनै पक्षहरुमा शैतानलाई प्रवेश गर्ने ठाउँ दिनुभएको छ कि ?
७. आफ्ना सबै आत्मिक हात हतियार तपाईंले धारण गर्नु भएको छ कि छैन जाँच गर्नुभएको छ ? याद राख्नुहोस् पावलले जुन हात हतियारको वर्णन गरेका छन् त्यो रोमी हात हतियारका सम्बन्धमा हो र यसले तपाईंको पिठ्यूंको रक्षा गर्न सक्दैन. किनभने हामी शैतानबाट कहिल्यै भाग्नुपर्दैन. हामी खडा भएर उसको सामना गर्छौं.
८. शैतान र उसका सबै दुष्ट चालहरुमाथि विजय प्राप्त गर्दै के तपाईं परमेश्वरको विजयी सन्तानका रुपमा जिउनुहुन्छ ? यदि हुनुहुन्न भने किन त्यसो भइराखेको छ ?

## ठ. सारांश र प्रयोग

१. येशूले शैतान तथा उसका अनुयायीहरु सबैलाई क्रूसद्वारा निशस्त्र पारेर तिनलाई खुल्लमखुल्ला तमाशा बनाइदिनुभयो (कलस्सी १:१५).
२. येशूले शैतानबाट मृत्युको शक्ति खोस्नुभयो र आजीवन मृत्युको भयमा दासताको बन्धनमा परेकाहरुलाई मुक्त गर्नुभयो (हिब्रू २:१४-१५; प्रकाश १:१८).
३. यो समयसम्म शैतान अझपनि यस संसारको राजकुमार रहेको छ (यूहन्ना १४:३०). तर हामी ख्रीष्टमा भएकाहरुको शैतानमाथि अधिकार छ किनभने हामी ख्रीष्टका हौं र ऊ ख्रीष्टको पाउमुनि परेको छ (एफिसी १:१८-२३) र हामी ख्रीष्टमा छौं (कलस्सी ३:३).
४. शैतानको समय कम्ती छ. उसको भाग्यको निर्णय भैसकेको छ (मत्ती २५:४१; प्रकाश १२:९-१२).
५. हामी येशूका चेलाहरुजस्तै जिउनुपर्छ. हाम्रा जीवनका प्रत्येक पक्षहरुमा शैतानमाथि विजय पाउदै जिउनुपर्छ.